नेपाल सरकार
# खानेपानी मन्त्रालय

फोन नं.: ४२११६९३
फ्याक्स: ९७७-१-४२११४३३
सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार

मिति २०७७/०३/३१

## प्रेस विज्ञप्ति

राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनाको सुरुङ्ग तथा अस्थायी बाँधको निर्माण कार्य सम्पन्न भई यही २०७७ असार २१ गतेबाट सुरुङ्ग मार्गमा पानी पथान्तरण गरी परीक्षण आरम्भ गरेको विवरण यस अघि नै सार्वजनिक गरिएको थियो ।

सुरुङ्ग मार्गको परीक्षणकै क्रममा मिति २०७७ असार ३० गते मंगलबार मध्यान्ह १२:०२ बजेको समयमा सुरुङ्ग मार्गको निरीक्षण गर्न आयोजना तथा निर्माण व्यवसायीका इन्जिनियर एवं प्राविधिकहरु अम्बाथान प्रवेश मार्ग हुँदै बा १ झ ८७६४ नम्बरको सवारी साधनबाट गेट नं. १७ को नजिक पुगेको अवस्थामा उक्त गेटको ढोका अकस्मात खुल्न गई ठूलो परिमाणमा पानी एकै साथ प्रवाह हुँदा प्राविधिक टोली रहेको सवारी साधन सहित उहाँहरुलाई पानीको बहावले करिब दुई सय मिटर बगाई मेलम्ची खानेपानी आयोजनाका साइट इन्जिनियर शेखर खनाल र सर्भेक्षण सहयोगी पेम्बा दोर्जे तामाङ्ग घाइते हुनु भएको र निर्माण व्यवसायीका इन्जिनियर सतिस गोइत र सवारी चालक राधाकृष्ण थापा मगर हराई रहनु भएको छ ।

दुर्घटनामा परी घाइते हुनु भएका ईन्जिनियर खनाल र सर्भे सहायक तामाङ्गको तत्कालै मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा प्राथामिक उपचार पश्चात् हेलिकप्टर मार्फत काठमाण्डौ ल्याई ग्राण्डि अन्तराष्ट्रिय अस्पतालमा उपचार भइरहेको र उहाँहरुको स्वास्थ्य अवस्था खतरामुक्त रहेको छ।

घटनामा परी हराई रहनु भएका ईन्जिनियर गोइत र सवारी चालक थापा मगरको खोजी मन्त्रालयको प्रमुख प्राथमिकतामा रहेको र यसका लागि गृह मन्त्रालय, स्थानिय प्रशासन एवं सुरक्षा निकायहरुको सहयोग एवं समन्वयमा खोजी कार्य जारी रहेको छ । सुरक्षाका सम्पूर्ण प्रावधान अपनाउँदा अपनाउँदै पनि भएको यो आकस्मिक दुर्घटनाबाट हामी स्तब्ध छौं । यस दुर्घटनाका सम्बन्धमा अध्ययन गर्न खानेपानी मन्त्रालयका सहसचिवको संयोजकत्वमा विज्ञहरु सहितको प्राविधिक टोली गठन गरिएको छ ।

...................

प्रवक्ता